# काभ्रेपलाञ्चोक जिल्ला अदालत
## धुलिखेल, काभ्रेपलाञ्चोक
(प्रशासन शाखा)

पत्र संख्याः-
च.नं. १५८६

मितिः- २०७८।०७।२५

२०७८/७/२५

सूचना!!! सूचना!!! सूचना!!!

**विषयः- दोभाषे सम्बन्धी सूचना ।**

सूचना प्रकाशित मितिः- २०७८/०७/२५

यस अदालतमा सेवा लिन आउने विभिन्न मातृभाषा बोल्ने र राम्रोसँग नेपाली भाषा बोल्न र बुझ्न नसक्ने सेवाग्राहीका लागि न्यायमा समान पहुँच पुऱ्याई दोभाषे मार्फत् सम्बन्धित सेवाग्राहीको मातृभाषालाई नेपाली भाषा र नेपाली भाषालाई मातृभाषामा उल्था गरी सेवा प्रदान गर्ने प्रयोजनार्थ अदालतको कारवाहीमा दोभाषे सेवाको प्रयोग सम्बन्धी निर्देशिका, २०७२ को दफा ४ बमोजिम तपसिलमा उल्लेखित योग्यता भएका ईच्छुक उम्मेदवारहरुवाट दोभाषेको सूचीमा नाम सूचीकृत गराउने प्रयोजनार्थ मिति २०७८।७।२५ को आदेशानुसार प्रस्तुत सूचना प्रकाशन गरिएको छ।

आवश्यक योग्यताहरुः

१. उम्मेदवारको योग्यताः
   क. मौखिक रुपमा उल्था गर्ने भाषा राम्रोसँग लेख्न र बोल्न जान्ने
   ख. सरकारी कामकाजको भाषा राम्रोसँग लेख्न र बोल्न जान्ने

२. उल्था गर्नुपर्ने भाषाः
   क. तामाङ
   ख. नेवारी
   ग. मगर
   घ. अङ्ग्रेजी
   ङ. चाईनिज

३. दोभाषेको पारिश्रमिकः तोकिएबमोजिम

४. दरखास्त दिने अवधिः सूचना प्रकाशित भएकोमितिले १५ दिनभित्र

५. सम्पर्कः प्रशासन शाखा, फोन नं. ०११-४९१४५२